# इटहरी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

१.नं. प्रदेश, नेपाल

☎ ०२५-५८००४६
०२५-५८२३१९
०२५-५८२८१९
०२५-५८२१६९


प.सं. ०७५/७६

च.नं. ४८५६

मिति ......................

(छाप: इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय इटहरी, सुनसरी प्रदेश नं.१, सुनसरी, नेपाल स्था. २०७३)

## निःशूल्क अत्यावश्क औषधि खरिद संबन्धि शिलबन्दी दरभाउपत्र आहवानको सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७६ ।०१ ।१६

यस इटहरी उपमहानगरपालिका अन्तर्गत संचालित विभिन्न स्वास्थ्य संस्थाहरु इटहरी अस्पताल,शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र, वडा शहरी स्वास्थ्य केन्द्र तथा बर्थिङ्ग सेन्टर को लागि आ.व. २०७५।२०७६ आवश्यक पर्ने तपशिल वमोजिमका निःशूल्क आवश्यक औषधिहरुःखरिद गर्नकोलागि यो सूचना प्रकासित गरीएको छ । अतः इच्छुक ईजाजत प्राप्त औषधि व्यबसायी,फर्म ,संघ, संस्था तथा कम्पनीलाई तपशिल अनुसारको मिति , समय र स्थानमा रु १०००।-(एक हजार रुपैया) फिर्ता नहुने ) दस्तूर बुझाई शिलबन्दि दरभाउ पत्र खरिद गरी १५ दिन भित्र कार्यालय समयमा पेश गर्नु हुन सूचित गरिन्छ ।

**शर्तहरुः**

१. शिलबन्दि दरभाउपत्र खरिद गर्न आउदा निवेदनसाथ नविकरणको म्याद वहाल रहेको औषधि बिकी गर्ने इजाजत पत्र,मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाण पत्र आ.व. २०७४ /२०७५ मा कर चुक्ता भएको प्रमाण पत्रको प्रतिलिपी संलग्न हुनु पर्ने छ ।

२.सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म शिलबन्दिदरभाउ पत्र फाराम बिकी वितरण हुनेछ । १६ दिनको १२ बजेसम्म बिकी भएका दरभाउ पत्रहरु दर्ता गरीसक्नु पर्दछ सो शिलबन्दि दरभाउ पत्र साथ विड बाउन्ड रु ३५,००० नगदै धरौटी वा नेपाल बैंक लिमिटेडमा रहेको खाता नं ग-३/०५९०३००००००००३००००३ मा जम्मा गरी सोको सक्कलै भौचर ७५ दिन को बैंक जमानत बुझाउनु पर्ने छ ।

३.शिलबन्दि दरभाउपत्रदाताले दरभाउपत्र खरीद गर्दा संबन्धित कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत,कार्यालयको छाँप लागेको निवेदन पेश गर्नु पर्ने छ । दस्तखत तथा कार्यालय छाँप नभएको निवेदन कुनै हालतमा मान्य हुनेछैन ।

४.शिलबन्दि दरभाउ बिकी गर्ने तथा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलपल्ट सम्म उक्त कामहरु सम्पन्न गर्न वाधा पर्ने छैन ।

५.म्याद भित्र दर्ता हुन आएको शिलबन्दि दरभाउ फारामहरु १६ औं दिनको २.०० वजेपछि कार्यालयका प्रतिनिधि र दरभाउ पत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ ।दरभाउ पत्रदाता वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन ।

६. शिलबन्दि दरभाउपत्र कबोल गरिएका दररेट अंक र अक्षर दुबैमा प्रष्टरुपमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दस्तखत गरेको हुनु पर्नेछ ।

७.पेश भएको दर भाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आँशिकरुपमा स्वीकृत गर्ने वा एक मुष्ठ स्वीकृत गर्ने अधिकार यसकार्यालयमा मात्र निहित रहनेछ ।

८ .शिलबन्दि दरभाउपत्र पेश गर्दा मूल्यअभिवृद्धि करबाहेकको दर रेट प्रति इकाईमा उल्लेख गरी जम्मा गरी मु. अ. कर लाग्नेको मात्र मु.अ. कर उल्लेख गरी पेश गर्नु पर्नेछ ।

२०७६/१/१५

भोजकला दवाडी
प्रमुख महिला विकास अधिकृत

९ .शिलबन्दि दर भाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आँउदा सम्झौता अंकको थप ५(पाँच)प्रतिशतले हुन आउनु रकम बराबरको मान्यता प्राप्त बैंकबाट जमानत पत्र माथि उल्लेखित धरौती खातामा नगदै जम्मा गरेको सक्कल भौंचर पेश गर्नु पर्नेछ ।

१० .बजेट निकासालाई आधार मानी आवश्यकता अनुसार शिलबन्दि दरभाउपत्रमा उल्लेखित औषधिहरु एकै पटक वा पटक पटक खरिद गर्न सकिनेछ ।

११ .कार्यालय सम्मआपूर्ती गर्न लाग्ने ढुवानी तथा अन्य करहरु दर भाउपत्र दाता स्वयंले व्यहोर्नु पर्नेछ ।

१२ .आफूले सप्लाई गरिने औषधिहरुको आधिकारिक पत्र( authority letter )स्वदेशी कम्पनी हकमा उत्पादकबाट र विदेशी कम्पनी भए National supplier बाट लिई पेश गर्नु पर्नेछ ।

१३ .एक बिकीताको नाँउमा बिकी भएको दरभाउ फाराम अर्को बिकेता को नाँउमा दाखिला गर्न पाउने छैन ।

१४ .शिलबन्दि दरभाउ फाराम दर्ता गर्न ल्याउदा आफूले दिन चाहेको औषधि WHO/ GMP certified प्राप्त कम्पनी हुनु पर्नेछ । साथै औषधिको उपभोग्य समय कम्तिमा १८ महिना रहेको हुनुपर्ने छ ।

१५ .शिलबन्दि दरभाउ संबन्धि अन्य कुरा बुझ्नु परेमा कार्यालयको वेभ साइड www.itaharimun.gov.np हेर्न सकिनेछ यस कार्यालयमा कार्यालय समय भित्र स्वास्थ्य शाखामा सम्पर्क राखी बुझ्न सकिनेछ।

१६ .यस सूचनामा छुट्ट हुन गएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

तपशिल :

| सि.न. | विवरण | दरभाउपत्रखरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति समय | दरभाउपत्र खोलिने अन्तिम मिति समय | धरौंटी( विड वाउण्ड) रकम रु. |
|---|---|---|---|---|---|
| १. | नि:शूल्क अत्यावश्क औषधिहरु | २०७६ ।०१।३० कार्यालय समय | २०७६ ।०१। ३१ दिनको १२:००बजे सम्म | २०७६ ।०१ ।३१ दिनका २ :०० वजे पछि | ३५,०००।- |

प्रमुख प्रशासकिय अधिकृत

२०७६।०१।१५

भोजकला खबाड़ी
प्रमुख महिला विकास अधिकृत